# दशरथचन्द नगरपालिका

# स्थानीय राजपत्र

**दशरथचन्द नगरपालिका द्धारा प्रकाशित सुचना**

बैतडी जिल्ला सुदूरपश्चिम प्रदेश , नेपाल

भाग -२ बर्ष : ९ अंक १ २०८३ बैशाख २३ बुधवार


नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०८२/१२/२३ मा स्वीकृत भएको दशरथचन्द नगरपालिकाको उत्कृष्ट कर्मचारी छनौट कार्यविधि, २०८२ स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ

प्रस्तावनाः

स्थानीय तहको सेवा प्रवाहमा दक्षता, पारदर्शिता, जवाफदेहिता, इमान्दारी र सदाचारिताको प्रवर्द्धन गर्नका लागि कर्मचारीको मनोवल अभिवृद्धि गर्नु अपरिहार्य हुन्छ। सेवाग्राहीमुखी सेवा प्रवाहमा योगदान दिने, कार्यसम्पादन स्त्रमा निरन्तर सुधार ल्याउने र उदाहरणीय कार्य सम्पादन गर्ने कर्मचारीलाई प्रेरित तथा सम्मानित गर्ने उद्देश्यले दशरथचन्द नगरपालिकाको कार्यपालिका बैठक को मिति २०८२/१२/२३ गतेको बैठकको निर्णयानुसार यो "उत्कृष्ट कर्मचारी छनौट कार्यविधि, २०८२" तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

यस कार्यविधि अन्तर्गत प्रत्येक वर्ष नगर स्थापना दिवसको अवसरमा दशरथचन्द नगरपालिकामा कार्यरत कर्मचारीहरूवाट मध्ये निर्धारित मापदण्डका आधारमा बढीमा तिन जना उत्कृष्ट कर्मचारी छनौट गरी सम्मान गरिनेछ। यसले सार्वजनिक सेवा प्रवाह गर्ने क्रममा कर्मचारी अनुशासन, कार्यकुशलता र प्रतिबद्धताको संस्कृति विकास गर्न मद्दत पुग्ने अपेक्षा लिइएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

१.१. यस कार्यविधिको नाम "उत्कृष्ट कर्मचारी छनौट कार्यविधि, २०८२"हुनेछ ।

१.२. यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत मिति देखि कार्यान्वयनमा आउनेछ।

१.३. यो कार्यविधि नगर प्रमुखबाट स्वीकृति भएपछि लागू हुनेछ ।

२. उद्देश्य

यस कार्यविधि तर्जुमाको उद्देश्य निम्न वमोजिम रहेको छ।

२.१. कार्यालयमा कार्यरत कर्मचारीहरूको कार्यकुशलता, सेवा प्रवाहमा प्रतिवद्धत्ता, नियमितता, अनुशासन र नवप्रवर्तनशील कार्यको मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारी छनौट गर्नु।

२.२. कर्मचारीमा कामप्रति सजग, जिम्मेवार, अनुशासन र सेवाभावयुक्त भावनाको विकास गर्नु।

२.३. उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीको मनोबल बढाउनु।

२.४. सेवाप्रदायक संस्थामा सकारात्मक प्रतिस्पर्धाको वातावरण विकास गर्नु।

३. छनौटको मापदण्ड -

| **सि.नं.** | **सूची** | **अंक** |
|---|---|---|
| १ | कार्यसम्पादनको गुणस्तर तथा समयपालन | २५ |
| २ | सेवा प्रवाहमा सेवाग्राही सन्तुष्टि | २० |
| ३ | नवप्रवर्तनशील कार्य/सुधार पहल | १५ |
| ४ | अनुशासन, सहभागिता तथा सहकार्य | १५ |
| ५ | कार्यालयमा उपस्थितिको नियमितता | १५ |
| ६ | इमानदारी, जिम्मेवारी तथा उत्तरदायित्वको भावना | १० |
| **जम्मा अङ्क** | | **१०००** |

४. छनौट प्रक्रिया

४.१. छनौटका लागि नगर प्रमुखको संयोजकत्वमा निम्नानुसारको तीन सदस्यीय छनौट समिति रहनेछ।

क) नगर प्रमुख - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) नगर प्रमुखले तोकेको एक जना अधिकृत - सदस्य

४.२. समितिबाट कर्मचारीहरूको मूल्याङ्कन विगत एक वर्षको कार्यसम्पादन अभिलेखका आधारमा गरिने छ।

४.३. आवश्यक परेमा कार्यालय प्रमुखबाट सेवाग्राही सुझाव लिन सकिनेछ ।

४.४. छनौट प्रक्रिया पारदर्शी र निष्पक्ष हुनेछ।

४.५. उत्कृष्ट कर्मचारीको नाम कार्यालयको वेवसाईट र फेसबुक पेज मार्फत सार्वजनिक गरिनेछ ।

५. पुरस्कार/सम्मान

५.१. प्रत्येक वर्ष कार्यलयबाट उत्कृष्ट कर्मचारी छनौट गरिनेछ।

५.२. उत्कृष्ट कर्मचारीलाई निम्न बमोजिम सम्मान तथा पुरस्कार प्रदान गरिनेछ।

क) प्रशंसा पत्र

ख) नगद पुरस्कार

५.२. छनौट भएका कर्मचारीलाई दशरथचन्द नगर स्थापना दिवस को अवसरमा पुरस्कार तथा सम्मान गरिनेछ।

६. बाधा अड्काउ फुकाउ

६.१. यो कार्यविधिमा स्पष्ट नभएका वा अन्यथा देखिएका विषयहरूमा निर्णय गर्ने अधिकार कार्यालय प्रमुखलाई रहनेछ।

६.२. कार्यविधिको आवश्यकतानुसार पुनरावलोकन र संशोधन गर्न सकिनेछ।

आज्ञाले
केशव राज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत